नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.........................................................शाखा)

प.सं. : ०८०/०८१
च.नं. : ६८

सिंहदरबार, काठमाण्डौं

श्री सचिवज्यू, प्रदेश

मितिः २०८०/०४/१८

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,
गण्डकी प्रदेश,
पोखरा, कास्की ।

दर्ता नं. ४०५
दर्ता मितिः २०८०/४/२५
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

विषयः मानव अधिकार पुरस्कारको लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट प्रत्येक वर्ष विश्व मानव अधिकार दिवसको अवसरमा प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुको दरखास्त आह्वान गरी यही मिति २०८०।०४।१७ को गोरखापत्र र कान्तिपुर दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ। उक्त सूचना बढी भन्दा बढी मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्था समक्ष पुऱ्याउन तहाँबाट सूचनाको प्रचार प्रसारका लागि आवश्यक सहयोग गरिदिनुहुन उल्लिखित सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०८०/०४/१८

(अर्जुन भुसाल)
शाखा अधिकृत

फोनः ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

# मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८०।४।१७ )

मानव अधिकारको संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने एक जना व्यक्ति र एउटा संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने व्यहोरा सूचित गरिन्छ । संवत् २०८० मा प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि इच्छुक योग्य व्यक्ति तथा संस्थाहरुले **मानव अधिकार पुरस्कार कोष सन्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८** बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा उल्लिखित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आवेदन दिई वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा पठाई मानव अधिकार पुरस्कार छनौट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ ।

इमेल: infolaw@moljpa.gov.np

पुनश्च: मानव अधिकार पुरस्कार कोष सन्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ यस मन्त्रालयको वेबसाइट (www.moljpa.gov.np) मा राखिएको छ ।

**मानव अधिकार पुरस्कार समितिको सचिवालय,**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,**
सिंहदरबार, काठमाडौं